# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी
१ नं प्रदेश, नेपाल

प.स.: २०७८/७९
च.न. 609

मितिः २०७८।०७। २६ गते

श्री वडा कार्यालय सबै
कोशी गाउँपालिका, सुनसरी ।

विषयः सूचनाका साथै कार्यविधि पठाएको ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयबाट प्रकाशित "कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना, नेपाल सरकारबाट पारित कोभिड १९ को महामारीवाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तानान्तरण कार्यविधि २०७८ र सो कार्यविधि अनुसारको लाभग्राहीले भर्ने निवेदन फारम समेत यसै साथ संलग्न राखि पठाएको छ । सूचना तोकिएको म्याद(२०७८ मंसिर ९ गते भित्र) सबैलाई जानकारी गराई फारम भराई यस कार्यालयमा उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

फोन नं. ४२००३१६
www.mofaga.gov.np
Email:cdms.mofaga@gmail

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं.:-२०७८/७९
च.नं.:-९५९

मिति: २०७८/०७/२५

विषयः कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धमा।

श्री गाउँपालिका/नगरपालिका (सबै)।

अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको च.नं. ३३, मिति २०७८/०७/२५ को पत्र मार्फत कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब पाँच लाख परिवारलाई चालु आर्थिक वर्षमा राहत स्वरुप नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम कार्यान्वयनको सम्बन्धमा स्वीकृत **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८"** र मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सुचनाको सन्दर्भमा प्रस्तुत पत्र प्रेषित गरिएको छ। अतः उपरोक्त कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि तथा सूचना तहाँ कार्यालयको वेभसाईट तथा सूचनापाटीमा प्रकाशन गरी आवश्यक सहयोग, समन्वय र सहजिकरण गिरदिनुहुन आदेशानुसार अनुरोध छ।

संलग्नः
१. अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको च.नं. ३३, मिति २०७८/०७/२५ को पत्रको प्रतिलिपी.
२. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८
३. मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको प्रति

२०७८/०७/२५
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (वेभसाईटमा अपलोड गरिदिनुहुन),
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै (आवश्यक समन्वयको लागि),
श्री अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखा, सिंहदरबार, काठमाण्डौं ।

# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

## कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८

**प्रस्तावनाः** कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न परिवारको तत्कालको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नगद राहत उपलब्ध गराउने नेपाल सरकारको कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नगद हस्तान्तरण" भन्नाले दफा ६ बमोजिम उपलब्ध गराइने रकम सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "निवेदक" भन्नाले दफा ५ को उपदफा (२) बमोजिम निवेदन पेश गरेको व्यक्ति वा परिवार सम्झनु पर्छ।

(ग) "बैङ्क" भन्नाले नगद हस्तान्तरणका लागि निवेदकको खाता रहेको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वाणिज्य बैङ्क, विकास बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ।

(घ) "लाभग्राही" भन्नाले दफा ३ बमोजिम नगद प्राप्त गर्न योग्य लाभग्राही सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(च) "वडा कार्यालय" भन्नाले यस कार्यविधि बमोजिम नगद प्राप्त गर्न निवेदन पेश गर्ने निवेदकको परिवार कम्तीमा पछिल्लो छ महिनादेखि निरन्तररूपमा स्थायी वा अस्थायी रूपमा बसोबास गर्दै आएको स्थानीय तहको सम्बन्धित वडाको वडा कार्यालय सम्झनु पर्छ।

३. <u>नगद प्राप्त गर्ने लाभग्राहीः</u> (१) कोभिड-१९ को महामारी नियन्त्रणको लागि गरिएको बन्दाबन्दीको कारणबाट भइरहेको पेशा, व्यवसाय वा श्रम गर्ने अवसर गुमाई आर्थिक रूपमा अतिविपन्न देहाय बमोजिमका नेपाली नागरिकको परिवारलाई राहत स्वरूप प्रति परिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गरिनेछः-

(क) विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको.

(ग) सञ्चित आय वा पैत्रिक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको.

(घ) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रूपमा नगद प्राप्त गरेको परिवार।

४. <u>लाभग्राहीको सङ्ख्या निर्धारण:</u> (१) प्रत्येक स्थानीय तहभित्रका लाभग्राहीको अधिकतम सङ्ख्या सो स्थानीय तहभित्र रहेको कुल परिवार सङ्ख्या, स्थानीय तहको मानव विकास सूचकाङ्क र सामाजिक-आर्थिक असमानता समेतका आधारमा अनुसूची-१ मा उल्लेख भएबमोजिम निर्धारण गरिएको छ।

(२) कुनै स्थानीय तहमा अनुसूची-१ मा उल्लेख भएको भन्दा बढी सङ्ख्यामा नगद प्राप्तिका लागि निवेदन प्राप्त हुन आएमा कोभिड-१९ को महामारीबाट अतिप्रभावित अतिविपन्न परिवारलाई प्राथमिकतामा राखी सो अनुसूचीमा उल्लेख भएको सङ्ख्यामा नबढ्ने गरी स्थानीय तहको कार्यपालिकाले लाभग्राही छनौट गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको लाभग्राहीको सङ्ख्यालाई स्थानीय तहको कार्यपालिकाले वडास्तरमा रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवार सङ्ख्या, गरिबीको अवस्था र आवश्यकता समेतका आधारमा न्यायोचितरूपमा वडागत बाँडफाँट गर्न सक्नेछ।

५. **नगद हस्तान्तरणका लागि सूचना आह्वान र निवेदन पेश:** (१) दफा ३ बमोजिमको अवस्थामा रहेको परिवारको सदस्यले नगद हस्तान्तरणका लागि वडा कार्यालयमा निवेदन पेश गर्न पन्ध्र दिनको समय दिई मन्त्रालयले कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचना मन्त्रालय र स्थानीय तहको वेबसाईटमा समेत राख्नु पर्नेछ।

(२) दफा ३ बमोजिमको परिवारको कुनै एक सदस्यले नगद प्राप्त गर्नका लागि उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथ राखी अनुसूची-२ बमोजिमको ढाँचामा आफू बसोबास गरेको वडा कार्यालयमा निवेदन दिनु पर्नेछ। यसरी निवेदन दिँदा अनिवार्यरूपमा निवेदकको बैङ्क खाता सम्बन्धी विवरण उल्लेख गर्नुपर्नेछ।

(३) निवेदन पेश गर्ने वडाभित्र अस्थायी बसोबास गर्दै आएका निवेदकको हकमा एकाघरपरिवारको सदस्य बाहेक छिमेकमा बस्दै आएका अन्य कुनै नेपाली नागरिक वा निज बहालमा बस्दै आएको घरधनीले त्यसरी अस्थायी बसोबास गर्दै आएको व्यहोरा सनाखत गरेको हुनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम आफैंले निवेदन फाराम भर्न नसक्ने वा नजान्ने अवस्थाको निवेदकको हकमा निज बसोबास गरेको वडा कार्यालयले आवश्यक सहजीकरण गरिदिनु पर्नेछ। कोभिड-१९ को सङ्क्रमणबाट अभिभावक गुमाएका अति विपन्न असहाय नाबालकको हकमा निजको नजिकको संरक्षकले निवेदन दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(५) उपदफा (२) बमोजिम निवेदन पेश गर्दा नगद हस्तान्तरण बापत नेपाल सरकारको स्वीकृत न्यूनतम दैनिक ज्यालादरका आधारमा हुन आउने न्यूनतम कार्यदिन बराबर कुनै सार्वजनिक विकास निर्माणको आयोजनामा स्वयंसेवकको रूपमा काम गर्ने प्रतिबद्धता समेत पेश गर्नुपर्नेछ र त्यस्तो प्रतिबद्धताका आधारमा निजलाई स्वयंसेवकको रूपमा काममा लगाउन सकिनेछ।

तर कोभिड-१९ को सङ्क्रमणबाट अभिभावक गुमाएका अतिविपन्न असहाय नाबालकको तर्फबाट निजको नजिकको संरक्षकले निवेदन पेश गर्दा यस्तो प्रतिबद्धता पेश गर्नुपर्ने छैन।

६. <u>निवेदन उपर कारबाही, रकम निकासा र नगद हस्तान्तरण:</u> (१) दफा ५ बमोजिम पेश भएका निवेदन उपर निवेदन पेश गर्ने मिति सकिएको सात दिनभित्र परीक्षण गरी निवेदक दफा ३ बमोजिम उपलब्ध गराईने नगद प्राप्त गर्न योग्य लाभग्राही देखिएमा सम्बन्धित वडाका वडाअध्यक्षले सोही व्यहोरा खोली नगद हस्तान्तरणका लागि सम्बन्धित स्थानीय तहलाई सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा दफा ३ को उपदफा (२) बमोजिमको लाभग्राही नरहेको वा एक परिवारबाट एक भन्दा बढी निवेदन पेश गरेको पाइएमा सम्बन्धित वडा अध्यक्षले सोको कारण जनाई त्यस्तो निवेदन अस्वीकृत गरी सम्बन्धित निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन रितपूर्वक भए. नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले यकिन गरी रितपूर्वकका निवेदनको सूची अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी दावी विरोधका लागि तीन दिनको



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवधी दिएर सार्वजनिक गर्नुपर्नेछ। त्यसरी सूची सार्वजनिक गर्दा सम्बन्धित स्थानीय तह तथा वडा कार्यालयको सूचना पाटी र वेबसाईटमा समेत प्रकाशन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक गरिएको सूचीमा समावेश भएको कुनै निवेदक यस कार्यविधि बमोजिम नगद प्राप्त गर्न अयोग्य हो भनी तोकिएको अवधी भित्र कसैले दाबी विरोध पेश गरेमा तत् सम्बन्धी प्राप्त दाबी विरोधको निवेदन सहित दाबी विरोध गर्ने अवधी सकिएको तीन दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले लाभग्राहीको अन्तिम सूची स्वीकृतिका लागि स्थानीय तहको कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(५) स्थानीय तहको कार्यपालिकाले उपदफा (४) बमोजिम पेश भएको सूचीमा समावेश भएका निवेदक दफा ३ बमोजिमको लाभग्राही परिवारको हो होइन भन्ने थप यकीन गरी नगद प्राप्त गर्न योग्य लाभग्राही परिवारको अन्तिम सूची तीन दिन भित्र स्वीकृत गर्नेछ।

(६) उपदफा (५) बमोजिम लाभग्राहीको अन्तिम सूची स्वीकृत भएको तीन दिनभित्र सूचीमा परेका लाभग्राही निवेदकको बैङ्क खातामा रकम जम्मा हुनेगरी स्थानीय तहले प्रति परिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गर्नेछ।

(७) स्थानीय तहले उपदफा (६) बमोजिम गरिएको नगद हस्तान्तरणको प्रतिवेदन त्यस्तो हस्तान्तरण गरेको पन्ध्र दिनभित्र अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(८) यस कार्यविधि बमोजिम हस्तान्तरण हुने रकम मन्त्रालयले कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित स्थानीय तहलाई निकासा दिनेछ।

७. <u>निर्देशक समितिः</u> (१) यस कार्यविधि बमोजिम हुने नगद हस्तान्तरण सम्बन्धी कार्यमा आवश्यक समन्वय तथा सहजीकरणका लागि देहायको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, अर्थ मन्त्रालय - संयोजक
(ख) सचिव, गृह मन्त्रालय - सदस्य
(ग) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
(घ) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य
(ङ) सचिव, राष्ट्रिय योजना आयोग - सदस्य
(च) अध्यक्ष, नेपाल नगरपालिका सङ्घ - सदस्य
(छ) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल - सदस्य
(ज) सहसचिव, अर्थ मन्त्रालय -सदस्य सचिव

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तथा कार्य सञ्चालन विधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **अनुगमन तथा सहजीकरण समिति:** (१) यस कार्यविधि बमोजिम हुने नगद हस्तान्तरण कार्यको स्थलगत अनुगमन तथा सहजीकरण गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) उपप्रमुख वा उपाध्यक्ष, सम्बन्धित स्थानीय तह - संयोजक

(ख) स्थानीय तहको कार्यपालिकामा रहेका वडाअध्यक्ष बाहेकका अन्य दुई जना सदस्य -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगद हस्तान्तरण प्राप्त गर्न योग्य कुनै नागरिकले निवेदन पेश गर्ने अवसरबाट वञ्चित हुने सम्भावना देखिएमा निजलाई निवेदन पेश गर्न सहजीकरण गर्ने,

(ख) नगद हस्तान्तरण प्राप्त गर्न अयोग्य कुनै व्यक्तिले झुठा विवरण सहित निवेदन पेश गरेको वा त्यस्तो निवेदनलाई वडाअध्यक्षले सिफारिश गरेको सूचना प्राप्त भएमा सो उपर अनुगमन गरी अयोग्य निवेदकको निवेदनलाई दफा ६ को उपदफा (५) बमोजिम अन्तिम सूची प्रकाशन हुनुपूर्व कार्यपालिकामा जानकारी गराई त्यस्तो सूचीमा समावेश नगर्न सिफारिस गर्ने.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ग) यस कार्यविधि बमोजिम तोकिएको समयावधी भित्र तोकिएको कार्य सम्पादन गर्न सम्बन्धित व्यक्ति तथा निकायलाई सहजीकरण गर्ने.

(घ) नगद हस्तान्तरणको प्रक्रियालाई सहज र व्यवस्थित बनाउन स्थानीय राजनीतिक दल तथा नागरिक समाजलाई परिचालन गर्ने।

९. **गुनासो सुनुवाई र कारबाही:** (१) यस कार्यविधि बमोजिम नगद प्राप्त गर्न योग्य परिवारको सदस्यले निवेदन दिने अवसरबाट वञ्चित भएको वा निजको निवेदन नगद प्राप्त गर्ने सूचीमा समावेश नभएको वा अयोग्य निवेदकले नगद प्राप्त गरेको भन्ने विषयमा सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष गुनासो पेश गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासोउपर सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले आवश्यक छानविन गरी सात दिनभित्र सुनुवाई गर्नु पर्नेछ।

(३) यस कार्यविधि विपरीत कुनै निवेदकले झुटो विवरण दिई नगद प्राप्त गरेको पाइएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल गरी निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१०. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

११. **आवश्यक व्यवस्था मिलाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा त्यस्तो बाधा फुकाउन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

वित्तीय संघीयता समन्वय महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०७८/७९
च. नं.:- ३२

मिति २०७८/०७/२५

विषय: कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं ।

कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अबसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब ५ लाख परिवारलाई चालु आर्थिक वर्ष २०७८/७९ मा राहत स्वरूप एक पटकका लागि प्रति परिवार रू.१० हजारका दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम कार्यान्वयन गर्न **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८"** स्वीकृत भई नेपाल राज पत्रमा मिति २०७८/०७/१५ मा प्रकासित भई सकेको छ। उक्त कार्यविधि बमोजिम नगद हस्तान्तरण गर्न योग्य लाभग्राहीहरुको लागि यस मन्त्रालयको मिति २०७८/०७/२३ को निर्णय अनुसार मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिक र अर्थ मन्त्रालयको WebSite; www.mof.gov.np मा सूचना प्रकासित भई सकेको हुदाँ उक्त सूचना तहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुमा समेत प्रकाशन गर्न पत्राचार गरिदिनुहुन सूचनाको प्रति र कार्यविधिको सफ्टकपी समेत यसै साथ संलग्न गरी पठाईएको ब्यहोरा निर्णयानुसार अनुरोध छ।

संलग्न

१. सूचनाको प्रति

२. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ को सफ्टकपी

(कुमारी सैजु)
शाखा अधिकृत

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण निवेदनको ढाँचा**

मिति :२०७८/..../....

श्रीमान वडा अध्यक्षज्यू,

........ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका,

वडा नं. ....., जिल्ला....................

**विषयः नगद हस्तान्तरणको रकम पाउँ।**

म र मेरो परिवार कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारको समूहमा पर्ने र न्यूनतम जीवन निर्वाहका लागि अन्य विकल्प समेत नभएको हुँदा **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८"** बमोजिम नेपाल सरकारले उपलब्ध गराउने नगद राहत उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु। म र मेरो परिवारका अन्य कुनै पनि सदस्यले हालसम्म यस प्रकारको राहत सुविधा प्राप्त नगरेको तथा यस प्रयोजनका लागि अन्य कुनै स्थानीय तहमा निवेदन पेश नगरेको समेत अनुरोध गर्दछु।

निवेदकको नाम (नेपालीमा): ............. .............. .................

निवेदकको नाम (अङ्ग्रेजीमा) : ................ ............. .............

बाबु/ससूराको नामः.......... आमा/सासुको नामः ......................

नागरिकता नं:.................. नागरिकता जारी भएको जिल्लाः .................... जारी मितिः ....................

स्थायी ठेगानाः.................... म.न.पा./उ.म.न.पा/न.पा./गा.पा., वडा नं.:...... टोलः......................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अस्थायी ठेगानाः...................... म.न.पा./उ.म.न.पा/न.पा./गा.पा.,
वडा नं.:....... टोलः.....................

नगद हस्तान्तरण प्राप्त गर्ने आधार (सम्बन्धित कोठामा ठीक चिन्ह √ लगाउने)

| क.सं. | आधार | हो | होइन |
|---|---|---|---|
| १ | विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार | .... | .... |
| २ | खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको आदिमा सामान बेच्ने अतिविपन्न व्यवसायी | .... | .... |
| ३ | दैनिक ज्याला-मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया | .... | .... |
| ४ | कोभिड-१९ को सङ्क्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार | .... | .... |

नगद हस्तान्तरण प्राप्त गर्न नसकिने अवस्था (सम्बन्धित कोठामा ठीक चिन्ह √ लगाउने)

| क.सं. | आधार | छ | छैन |
|---|---|---|---|
| १ | निवेदन दिँदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था | .... | .... |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय-आर्जन गरिरहेको | | |
| २ | परिवारका कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकारबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको | .... | .... |
| ३ | सञ्चित आय वा पैत्रिक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको | .... | .... |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रूपमा नगद प्राप्त गरेको परिवार | | |

सम्पर्क टेलिफोन/मोबाईल नं. ..............................

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बैङ्क खाता नं. | | | | | | | | | | | | | | | | | | |

बैङ्कको नामः ................................. शाखाः ......................

<u>परिवारमा रहेका अन्य सदस्य (संरक्षकले निवेदन पेश गरेको हकमा सम्बन्धित असहाय नाबालक) को नामः</u>

(१) श्री ............ वर्षः .....   (२) श्री ........... वर्षः .....

(३) श्री ............ वर्षः .....   (४) श्री ............. वर्षः .....

- यस निवेदनका आधारमा मैले/मेरो परिवारले प्राप्त गर्ने नगद हस्तान्तरण बापत नेपाल सरकारको स्वीकृत न्यूनतम दैनिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ज्यालादरका आधारमा हुन आउने न्यूनतम कार्यदिन बराबर कुनै सार्वजनिक विकास निर्माणको आयोजनामा स्वयंसेवकको रूपमा कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु (.......)/ गर्दिन (.......) ।

**स्वघोषणाः** यसमा उल्लिखित विवरणहरु साँचो हुन, झुठा ठहरेमा कानून बमोजिम सहुँला, बुझाउँला।

निवेदकको दस्तखतः.........................

मितिः २०७८/......./.......

***संलग्नः*** *नागरिकता प्रमाणपत्रको प्रतिलिपि।*

| दायाँ | बायाँ |
|---|---|

**अस्थायी बासिन्दाको हकमा गरिदिएको सनाखतः**

निवेदक श्री ........................................ सहित निजको परिवारका सदस्य सङ्ख्या ........ विगत ....... महिनादेखि मेरो स्वामित्वको घरमा/मेरो छिमेकीको रूपमा .............................................. म.न.पा./उ.म.न.पा/न.पा./गा.पा. वडा नं. ....., ...................... मा अस्थायी बसोबास गर्दै आउनुभएको व्यहोरा सनाखत गर्दछु।

छिमेकी/घरधनीको नामः ........................................... सम्पर्क टेलिफोन/मोबाईल नं. ......................

ठेगानाः......................... म.न.पा./उ.म.न.पा/न.पा./गा.पा., वडा नं.:......... टोलः ...........................

दस्तखतः......................... मितिः २०७८/....../......

**वडा अध्यक्षको सिफारिसः**

निवेदक श्री ........................................................... "कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कार्यविधि, २०७८" बमोजिम नेपाल सरकारले उपलब्ध गराउने नगद हस्तान्तरणका लागि योग्य रहेको (......) / नरहेको (.......) व्यहोरा सिफारिस गर्दछु।

- योग्य नरहेको भए सोको संक्षिप्त कारण: ......................

वडा अध्यक्ष

नाम: .........................................................

स्थानीय तहको नाम: ................. वडा नं.: .........

जिल्ला: ......................

दस्तखत: ....................................... मिति: २०७८/...../......



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।